# रामेछाप नगरपालिकाको
# नगरसभाको १९ औं अधिवेशनमा
# उप प्रमुख
# श्री बाल कुमारी कार्की थापाद्वारा प्रस्तुत

# रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

## रामेछाप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रामेछाप बजार, रामेछाप

## २०८३ असार १० गते बुधबार

**रामेछाप नगरपालिकाको नगर सभाको १९ औं अधिवेशनमा उप-प्रमुख श्री बालकुमारी कार्की थापाद्वारा प्रस्तुत्**
**आर्थिक वर्ष २०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रम**

**रामेछाप नगरपालिका प्रमुख एवंम् यस सभाका सभाध्यक्ष महोदय,**

**सदस्य-सचिव एवम् सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

**रामेछाप नगरपालिकाका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

रामेछाप नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनमा रामेछाप नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा मलाई अन्यन्त खुसी लागेको छ। यस अवसरमा यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दै सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, दिगो शान्ति, प्रगति र समुन्नतिका लागि भएका विभिन्न संघर्ष, क्रान्ति र जनआन्दोलनमा जीवन अर्पण गर्नुहुने महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस महान् अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा वीर पूर्खा र अग्रजहरू प्रति उच्च सम्मानका साथ वहाँहरूले पुर्याउनु भएको अमूल्य योगदानको स्मरण गर्न चाहन्छु।

संघीय लोकतान्त्रिक गणतन्त्र र विधिको शासनलाई संस्थागत गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मुलुकको दीगो विकास लक्ष्य, संघ तथा वागमती प्रदेश सरकारले आगामी वर्षका लागि जारी गरेको नीति, कानून, मापदण्ड, बजेटसीमा र मार्गदर्शन, स्थानीय स्रोत साधन तथा आवश्यकता र प्राथमिकताका आधारमा भखरै श्रद्धेय नगर प्रमुखज्यूले पेश गर्नु भएको रामेछाप नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट प्राप्त बजेट शिलिङ र मार्ग दर्शनका आधारमा विषयगत शाखा र वडा कार्यालयले आगामी वर्ष कार्यान्वयन गर्ने गरी सिफारिस गरेका आयोजना तथा कार्यक्रमहरुलाई भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने कुराहरु, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु एवम् योजना छनौट विधि तथा रामेछाप नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ सम्मको लागि तयार गरेको मध्यमकालिन खर्च संरचनालाई आधार लिई उक्त खर्च संरचनाले निर्दिष्ट गरेको मार्गदर्शन र विषयगत क्षेत्रगत सीमामा रहेर बजेट विनियोजन गरी यो कार्यक्रम तथा बजेट तयार गरिएको छ।

यस क्रममा विषयगत शाखा र टोलवस्तीस्तरबाट माग भएका स्थानीयस्तरका सबै आयोजना र कार्यक्रमहरु उपलब्ध स्रोत साधनको अभावका कारण सम्बोधन गर्न नसकिएता पनि प्राप्त बजेट सीमा भित्र रही वडा कार्यालयहरुले प्राथमिकता तोकी पठाएका आयोजना र कार्यक्रमलाई हुबहु कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ।

बजेट तर्जुमाका क्रममा विषयगत शाखा र वडा कार्यालयहरुबाट प्राप्त आयोजना र कार्यक्रमहरुलाई रामेछाप नगरपालिकाको सामाजिक, आर्थिक, पूर्वाधार, वन, वातावरण र विपद व्यवस्थापन एवं सुशासन तथा संस्थागत विकास समितिमा छलफल गराई विकास क्षेत्रगत रुपमा आयोजना र कार्यक्रम छुट्याई नगरको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आयोजना र कार्यक्रम बीच आपसी तादाम्यता र परिपूरक कायम गर्दै दोहोरोपना नहुने गरी नगर गौरवका ठूला पूर्वाधार आयोजनाहरु समेत समेटी प्राथमिकीकरण सहित श्रद्धेय नगर प्रमुखज्यू मार्फत नगर कार्यपालिका बैठकमा व्यापक बहस र छलफल गरी यो कार्यक्रम तथा बजेट तयार भएको बेहोरा सम्मानित सभा समक्ष जानकारी गराउदछु।

**सभाध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरू,**

रामेछाप नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम निर्माणको क्रममा प्रमुख रूपमा लिएका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम,
- नेपालको संविधानमा व्यवस्था भएका मैलिक हक, राज्यका निर्देशक, सिद्धान्त तथा नीतिहरू तथा संविधानको अनुसूचि ८, ९ र १० मा रहेका स्थानीय तहका  एक अधिकार तथा साझा अधिकारका सूचिहरूमा भएका व्यवस्था,
- नेपाल सरकारको १६ औं आवधिक योजना,
- दिगो विकासका लक्ष्यहरू,
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरू,

- राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरू,
- नगरले तर्जुमा गरेका ऐन नियम तथा कार्यविधिहरू,
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,
- राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरू,
- नगरकार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिहरूबाट प्राप्त प्रतिवेदन र सुझावहरू,
- रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ सम्मको मध्यमकालिन खर्च संरचनाको मार्गदर्शन र विषय क्षेत्रगत सीमा।

प्रस्तुत आधारमा सम्भव भएसम्म नगरवासीको चाहना र नगरपालिकाको प्राथमिकतालाई समेट्ने अभिप्राय लिई प्रस्तुत बजेट तथा कार्यक्रम तयार गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अव म रामेछाप नगरपालिकालाई आगामी आर्थिक वर्ष २०८३/८४ मा संघ तथा बागमती प्रदेश सरकार र अन्य निकायबाट प्राप्त हुने अनुदान रकम तथा आफ्नो आन्तरिक स्रोत समेतको कुल आय र सो को चालु र पूँजीगत शीर्षकहरूमा हुने व्यय (खर्च) अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

आगामी आर्थिक वर्षमा संघीय सरकारबाट हस्तान्तरित समानीकरण अनुदान रु. १४ करोड ७७ लाख, सशर्त अनुदान चालु रु. २९ करोड ८२ लाख, सशर्त अनुदान पूजिगत रु. ३५ लाख, विशेष अनुदान पूँजिगत रु. २ करोड, समपुरक अनुदान पूजिगत रु. ८५ लाख र बाँडफाड भई प्राप्त हुने मु.अ. कर र अन्तशुल्क रु. १० करोड ४३ लाख ३९ हजार समेत जम्मा रू. ५८ करोड २२ लाख ३९ हजार आय अनुमान गरिएको छ।

त्यसैगरी बागमती प्रदेश सरकारबाट हस्तान्तरित समानिकरण अनुदान रु. १ करोड ३७ लाख ३० हजार, सशर्त अनुदान चालु रू. १ करोड १७ लाख ७० हजार, सशर्त पूजिगत रु. ४५ लाख, विशेष अनुदान पूँजिगत रु.७० लाख, समपुरक अनुदान पूजिगत रु.१ करोड ८० लाख र वाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर रु. ५ करोड २८ लाख ७२ हजार १०५ रूपैया समेत जम्मा रु. १० करोड ७८ लाख ७२ हजार १०५ रूपैया आय अनुमान गरिएको छ।

रामेछाप नगरपालिकाको आफ्नो आन्तरिक स्रोत रु १ करोड २३ लाख ६३ हजार ४ सय ३५ र नगद अल्या रु. १० करोड ६१ लाख ७५ हजार ९ सय ६ रूपैया समेत जम्मा रु. ११ करोड ८५ लाख ३९ हजार ३ सय ४१ रूपैया आन्तरिक आय अनुमान गरिएको छ।

यस अनुसार आगामी आर्थिक वर्ष २०८३/०८४ मा रामेछाप नगरपालिकाको कूल आय रु ८० करोड ८६ लाख ५० हजार ४ सय ४६ रूपैया अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

उपरोक्त आयलाई विनियोजन विधेयकको अनुसूचि १ बमोजिम संघ तथा बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त, विशेष र समपुरक अनुदान र नीति एवम् स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा नगर गौरबका आयोजनाहरु लगायतका ठूला पूर्वाधार आयोजनाहरु तथा टोलवस्तीस्तरबाट वडा समिति मार्फत सिफारिस भई आएका आयोजना र कार्यक्रमका साथै विषयगत शाखाका कार्यक्रमहरु सञ्चालनका लागि पूँजीगत खर्च तर्फ रु. २९ करोड ८२ लाख ३० हजार ४ सय ४६ रूपैया विनियोजन गरेको छु।

त्यसैगरी चालु खर्च तर्फ कार्यालय संचालन खर्च, शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता, पदाधिकारीहरुको सुविधामा तथा विभिन्न कार्यक्रम खर्चका लागि रु. ५१ करोड ४ लाख २० हजार रूपैया विनियोजन गरेको छु।

चालु खर्च एवं पुँजीगत खर्च तर्फः ठूला पूर्वाधार आयोजना, विषयगत शाखाका कार्यक्रमहरू एवं वडास्तरीय आयोजना तथा कार्यक्रमहरूको विस्तृत विवरण तपशिल बमोजिम रहेको छ।

**<u>चालु खर्च तर्फः</u>**

| सि.नं. | शिर्षक | विनियोजित बजेट (अंकमा) | अक्षरमा) |
|---|---|---|---|
| १. | संघीय शशर्त चालु बजेट | २९८२००००० | उनन्तीस करोड बयासी लाख मात्र |

| | | | |
|---|---|---|---|
| २. | प्रदेश शशर्त चालु बजेट | ११७७०००० | एक करोड सत्र लाख सतरी हजार मात्र |
| ३. | नगरपालिका तर्फ चालु खर्च | १७६०००००० | सत्र करोड साठी लाख मात्र |
| ४. | वडा तर्फ चालु खर्च | ३६०००००० | छतीस लाख मात्र |
| ५. | विषयगत शाखा/कोष तर्फको चालु खर्च तथा कार्यक्रमहरू | २०८५०००० | दुई करोड आठ लाख पचास हजार मात्र |
| | **जम्मा** | ५१०४२०००० | एकाउन्न करोड चार लाख बीस हजार मात्र |

**<u>पुँजीगत तर्फः नगरस्तरीय, विषयगत शाखा, समपूरक, विशेष तर्फका योजना तथा अनिवार्य खर्च तर्फः</u>**

| सि.नं. | शिर्षक | विनियोजित बजेट (अंकमा) | अक्षरमा) |
|---|---|---|---|
| १ | संघीय र प्रदेश समपूरक अनुदान (नगर तर्फको) | १७७००००० | एक करोड सत्हत्तर लाख मात्र |
| २ | भुक्तानी दिन बाँकी | १०६१७५९०६ | दस करोड एकसाठी लाख पचहत्तर हजार नौ सय छ मात्र |
| ३ | प्रकोप व्यवस्थापन कोष | ४०००००० | चालीस लाख मात्र |
| ४ | अन्य सार्वजनिक निर्माण | ३०००००० | तीस लाख मात्र |
| ५ | मेशेनरी औजार खरिद | १५००००० | पन्ध्र लाख मात्र |
| ६ | फर्निचर तथा फिक्चर्स | २०००००० | बीस लाख मात्र |
| ७ | वडा कार्यालय कल्पेश्वरी स्कुल हुदै चण्डेश्वरी स्कुल सडक स्तरिन्नती, वडा नं. १ | २०००००० | बीस लाख मात्र |
| ८ | देउराली खेल मैदान देखि फलाटेखोला सडक स्तरोन्नती, वडा नं. २ | २०००००० | बीस लाख मात्र |
| ९ | बाकिमैरी खानेपानी ट्याङ्की निर्माण, वडा नं. ३ | १०००००० | दस लाख मात्र |
| १० | साँघुटार बजार व्यवस्थापन बाँकी ढलान, वडा नं. ३ | १०००००० | दस लाख मात्र |
| ११ | गोठालेडाँडा धारापानी कुशवसेरी सडक वडा नं. ४ | १००००००० | एक करोड मात्र |
| १२ | रामपुर-रमिते-बसन्तपुर सडक स्तरोन्नती, वडा नं. ५ | २०००००० | बीस लाख मात्र |
| १३ | चौतारा-च्यास्कु-डान्सिङटार सडक स्तरोन्नती, वडा नं. ६ | २०००००० | बीस लाख मात्र |
| १४ | हिलेपानी खेलमैदान निर्माण, वडा नं. ७ | २०००००० | बीस लाख मात्र |
| १५ | कृष्ण मन्दिर सडक स्तरोन्नती भंगेरी वडा नं. ८ | १०००००० | दस लाख मात्र |
| १६ | मठ तथा ट्रस निर्माण च्यानडाँडा सल्ले, वडा नं. ८ | १०००००० | दस लाख मात्र |
| १७ | भिमेश्वर आ.वि हुदै भिमशेनथान मन्दिर जाने सडक स्तरोन्नती, वडा नं. ९ | २०००००० | बीस लाख मात्र |
| १८ | नगरस्तरीय फुटकुर योजना | ३०००००० | तीस लाख मात्र |
| १९ | नगरस्तरीय ठुला योजना तथा कार्यक्रम | १७२००००० | एक करोड बहत्तर लाख मात्र |
| २० | उद्योग बाणिज्य संघ भवन | २०००००० | बीस लाख मात्र |
| २१ | विभिन्न संघ संस्थाहरूसँग साझेदारी कार्यक्रम | ३०००००० | तीस लाख मात्र |
| २२ | वडास्तरीय आयोजना तथा कार्यक्रमहरू | ६००००००० | छ करोड मात्र |
| २३ | संघ, प्रदेशका समपूरक, विशेष र विषयगत शाखा तर्फका कार्यक्रम | ५२६५४५४० | पाँच करोड छब्बीस लाख चौवन्न हजार पाँच सय चालीस मात्र |
| | **पुंजीगत तर्फको जम्मा खर्च रु.** | २९८२३०४४६ | उनन्तीस करोड बयासी लाख तीस हजार चार सय छयालिस मात्र |

अन्त्यमा,

उल्लेखित बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मार्गदर्शन गर्नुहुने श्रद्धेय नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु र राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु । उल्लेखित कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सकारात्मक सहयोग, रचनात्मक सुझाव र पृष्ठपोषणको अपेक्षा गर्दछु । धन्यवाद ।

बाल कुमारी कार्की थापा
उप-प्रमुख
रामेछाप नगरपालिका, रामेछाप